पञ्चकन्या ग्रुपको खेलकूद सप्ताह

बुटवल (बुटवलटुडे) २९ भदौ। पञ्चकन्या ग्रुपले आफ्नो ५०औं वार्षिकोत्सवको अवसरमा यही २०७९ भाद्र २७ देखि असोज ५ गतेसम्म ग्रुपमा कार्यरत कर्मचारीहरूबीच केन्द्रीय कार्यालय, कृष्णगल्ली, ललितपुरमा विभिन्न खेलकूदका कार्यक्रमहरू आयोजना गर्ने भएको छ। जसमा फूटसल, ब्याडमिन्टन, बास्केटबल, टेबल टेनिस, बुद्धिचाल आदि गरी जम्मा १३ थरिका खेलहरू खेलाइने छ। उक्त खेलकूद कार्यक्रमको पञ्चकन्या ग्रुपका निर्देशक आशिक श्रेष्ठबाट आयोजक टीम र स्वयमसेवकलाई खेलकूद सामग्री हस्तान्तरण गरी विधिवत् गरेका हुन। पञ्चकन्या ग्रुपले वार्षिकोत्सवको अवसर पारेर कर्मचारीहरूको लागि यस्ता कार्यक्रमहरू निरन्तर गर्दै आएको छ।

दन्त शिविर आयोजना

पञ्चकन्या ग्रुपको आफ्नो ५०औं वार्षिकोत्सवको अवसरमा यही २०७९ भाद्र २३ र २४ गते ग्रुपको केन्द्रीय कार्यालय, कृष्णगल्ली, ललितपुरमा "सहयात्री नेपाल"को सहयोगमा दन्त शिविरको आयोजना गरियो।

उक्त शिविरमा "सहयात्री नेपाल"बाट डाक्टर र प्राविधिक गरी जम्मा ११ जना जनशक्तिबाट ग्रुपमा कार्यरत १५६ जना कर्मचारीहरूको दाँतको चेकजाँच, दन्त सर-सफाई, औषधी वितरण, आवश्यक परामर्श उपलब्ध भएको थियो। सोही संस्थाले यस ग्रुपको कारखाना कार्यालय, भैरहवामा समेत मिति २०७९ भाद्र १२ देखि १६ गतेसम्म दन्त शिविर आयोजना गरेको थियो। पञ्चकन्या ग्रुपले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत वार्षिक रूपमा यस्ता प्रकारका सामाजिक कार्यक्रमहरू निरन्तर गर्दै आएको छ।

फूलबारीको २० औं साधारणसभा

जितपुर(बुटवलटुडे), २९ भदौ- फुलबारी सामुदायिक वन उपभोक्ता समूहले २०औं वार्षिक साधारण सभा सम्पन्न गरेको छ। सो साधारण सभामा समूहको वार्षिक प्रगतिवेदन तथा आगामी वनको भावी रणनिति बारेमा समूहका अध्यक्ष जयलाल गिरीले प्रस्तुत गरेका थिए साथै २०७९/८०का लागि ५ करोड १४ लाख बराबरको अनुमानित लोकप्रिय बजेट पेश गदै वन उपभोक्ता समूहबाट अति विपन्न वन उपभोक्ता परिवारलाई ५ वटा घर निर्माण गरिने, आयआर्जनका लागी सहुलियत ऋण प्रदान, एम्बुलेन्स खरीद गर्ने, चिकित्सकद्धारा स्वास्थ्य शिविर सञ्चालन गरीने वताएका थिए। कोषाध्यक्ष अम्वर बहादुर गुरुङ्गले आर्थिक वर्ष ०७८/ २०७९को कुल २ करोड ४६ लाख बराबरको आय-व्यय सार्वजनिक गरेका थिए भने लेखा समिती सदस्य पुष्पा थापाले लेखा प्रतिवेदन प्रस्तुत गरेकी थिइन।

कार्यक्रमका सब डिभिजन वन कार्यालय मोतिपुरका सहायक वन अधिकृत विष्णु प्रसाद लामिछानेले फुलबारी सामुदायिक वनको डकुमेन्ट्री प्रस्तुत गर्दै वनको दिगो संरक्षण र सम्वर्द्धनमा सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग पुयाउने कुरा बताएका थिए। कार्यक्रममा जनज्योति माविका अध्यक्ष नेत्रज्योति गिरी, वडाध्यक्ष विष्णु गिरी, पत्रकार बाबुराम रायमाझी,मोतिपुर खानेपानी उपभोक्ता समिती अध्यक्ष शेषकान्त वेल्वासे,वडा सदस्य हरि शंकर पौडेल, जनसेवा सहकारीका अध्यक्ष टोप बहादुर थापा, मोतिपुर प्रगती युवा क्लवका अध्यक्ष शंकर प्रसाद न्यौपाने लगायतले आ -आफनो धारणा राखेका थिए।

एभरेष्टद्वारा शैक्षिक सामग्री तथा विद्यार्थीलाई पुरस्कार वितरण

बुटवल (बुटवलटुडे), २९ भदौ- बुटवल-८, सुख्खानगरमा अवस्थित एभरेष्ट इङलिस बोर्डिङ माध्यमिक विद्यालयले राष्ट्रिय बाल दिवसको अवसरमा मणिग्राम स्थित आत्म शान्ति अनाथ आश्रममा रहेका बालबालिकाहरूलाई शैक्षिक सामग्री र खाद्यान्न सहयोग गरेको छ।

आश्रममा आश्रित असहाय बालबालिकाहरूलाई एभरेष्टको साहित्य क्लवका सदस्य विद्यार्थीहरूको संयोजनमा कपि, कलम लगायतका शैक्षिक तथा दैनिक उपभोग्य सामग्री सहयोग गरिएको विद्यालयका सह-प्राचार्य भीमसेन गौतमले जानकारी दिए। यसैबीच बाल दिवसकै अवसर पारेर विद्यालयद्वारा शैक्षिक सत्र २०७६ र २०७७ मा कक्षा र समग्र विद्यालयबाट तहगत रूपमा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने विद्यार्थीहरूलाई पुरस्कृत समेत गरिएको छ। शैक्षिक सत्र २०७८ मा अतिरिक्त क्रियाकलाप अन्तरगत विभिन्न खेल र प्रतियोगितामा विभिन्न स्थान प्राप्त गर्ने ४ सय २० भन्दा बढी विद्यार्थीलाई पुरस्कार र प्रमाणपत्रले पुरस्कृत गरिएको छ। पुरस्कार वितरण गर्दै प्राचार्य कृष्ण न्यौपानेले कलिला बालबालिकाहरूलाई डर, त्रास र करकावमा अध्यापन होईन, उनीहरू अनुकुलको वातावरणमा अध्यापन गराउनु पर्नेमा जोड दिए। उनले बाल दिवसमा मात्र बालबालिकाको वृद्धि विकासका कुरा गर्ने मात्र नभई हरेक दिन बाल मानसिक्ताका आधारमा अध्यापनको वातावरण अगाउन आवश्यक रहेको बताए। कार्यक्रममा एभरेष्टका उपप्राचार्य उमेश रेग्मी, माला पाण्डे, शिक्षक माधवप्रसाद पौडेल, सूर्य पौडेल लगायतले बालबालिकाहरूलाई उनी अनुकुलको वातावरण शिक्षालय र घरका आवश्यक रहेको धारणा राख्नु भयो। बाल दिवसकै अवसर पारेर विद्यालयले आयोजना गरेको विद्यार्थी प्रतिभा प्रदर्शन कार्यक्रममा विजयी ४० विद्यार्थीलाई पुरस्कृत गरिएको थियो।

दराजको दशैं अफर:
७० प्रतिशतसम्म छुटदेखि विद्युतीय स्कुटरसम्म

काठमाडौं (बुटवलटुडे), २९ भदौ- नजिकिदै गरेको दशैंलाई मध्यनजर गर्दै ई-कमर्स प्लेटफर्म दराजले वार्षिक दशैं धमाका अभियान सुरु गरेको छ। बुधवार सुरु भएको अभियानमा दराजका ग्राहकले ७०% सम्मको मेगा डिल, निःशुल्क डेलिभरी, अग्रिम भुक्तानीमा २५०० रूपैयाँसम्मको छुट, १०,००० रूपैयाँसम्मको मेगा भाउचर, एक रूपैयाँको खेल लगायतका अफरहरू प्राप्त गर्न सक्छन्। यो अभियानको अवधिमा ग्राहकहरूले डेबिट कार्ड मार्फत गरेको अग्रिम भुक्तानीमा १५% (अधिकतम २००० रूपैयाँ) र क्रेडिट कार्ड मार्फत गरेको अग्रिम भुक्तानीमा २०% (अधिकतम २५०० रूपैयाँ) सम्मको छुट पाउन सक्नेछन्। नबिल बैंक, एनआईसी एशिया बैंक, सानिमा बैंक, एनएमबी बैंक, एभरेष्ट बैंक, नेपाल एसबिआई बैंक, नेपाल बैंक, एनसीसी बैंक, सांग्रिला विकास बैंक र ज्योति

विकास बैंकका ग्राहकहरूले माथि उल्लेखित छुटहरू प्राप्त गर्न सक्नेछन्।

साथै, एनआईसी एशिया बैंक, सानिमा बैंक, सनराइज बैंक, सिटिजन्स बैंक, एनएमबी बैंक, माछापुच्छ्रे बैंकका ग्राहकहरूले क्रेडिट कार्डमार्फत शून्य प्रतिशत ब्याजको सहज मासिक किस्ता योजना (ईएमआई) पनि प्राप्त गर्न सक्नेछन्। यससँगै अभियानको पहिलो दिनमा आइएमई पे वा ई-सेवा वालेट मार्फत भुक्तानी गर्ने ग्राहकले सीमित समयको लागि १५% (अधिकतम १००० रूपैयाँ) सम्मको अतिरिक्त छुट पनि पाउन सकिन्छ।

त्यसैगरी एक रूपैयाँको गेममा ग्राहकहरूले अमेजन फिट जीटीएस मिनी, साउण्ड कोर लाइफ नोट, एक जोडीको लागि यति एयरलाइन्सको एकतर्फि टिकट र मोटो जी २२ स्मार्टफोन एक रूपैयाँमा नै प्राप्त गर्न सक्नेछन्। यस गेममा सहभागी हुनको लागि, ग्राहकले अनलाइन मार्फत एक रूपैयाँ अग्रिम भुक्तानी गर्नुपर्दछ। यो अभियान सकिएपछि भने सबै सहभागीहरूलाई एक रूपैयाँ फिर्ता हुने कम्पनीले जनाएको छ। यो सँगै ग्राहकले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ब्रान्डहरूमा ७०% सम्मको छुट पनि प्राप्त गर्न सक्नेछन्। यसमा थप 'शेक शेक भाउचर', '११ को बजार', 'आजको दराज मल ब्रान्ड', 'कुपन नै कुपन', 'जो छिटो उस्ले जित्यो', 'सेलको झटका' र 'स्टोरवाइड' लगायत अन्य अफर पनि समावेश छन्।

चेक बाउन्सको रकम नपाएको गुनासो

बुटवल, २९ भदौ। दाङ जिल्लाको राप्ती गाउँपालिका वडा नम्बर २ का स्थानीय सुर्जे बहादुर गुरुङ्गले पटक पटक गरेर कपिलवस्तु जिल्लाको शिवराज नगरपालिका वडा नम्बर ८ विसनपुरका अहमद् अब्दुल रउफलाई दिएको रकम १४ लाख २५ हजार रूपैयाँ पाएको भन्दै न्यायको अपील गरेका छन्। उनले रउफलाई दिएको रकम बाट १४ लाख २५ हजार रूपैयाँको चेक पाए पनि चेकमा रकम नभएको भन्दै कृषि विकास बैंको खताको रकम कर्णाली विकास बैंकले बाउन्स समेत गरेको छ।



पिडीत गुरुङ्गले रउफलाई रकम दिएपनि उनले रकम नभएको चेक दिएको कारण अदालित प्रक्रियामा समेत ढिलाई भएको भन्दै न्यायको लागि माग गरेका हुन। उनले दिएको रकम बाट पटक-पटक रकम दिने भन्दै मौखिक सहमति भएपनि रउफले रकम नदिएपछि उनी अदालती प्रक्रियामा गएका थिए। कृषि विकास बैंकले उनको खाता कालो सूचीमा समेत राखेको छ।

यता कर्णली विकास बैंकका शाखा प्रबन्धक गोपाल रोकाले बैंकमा रकम नभएपछि चेक बाउन्स को प्रक्रियामा अगाडि बढेको बताए। उनले अहिले केस सरकारी वकिल कार्यालय मार्फत अदालतमा रहेको उनको भनाई छ। यता चेक बाउन्स भएका उउफले पैसा नभएपछि पटक पटक रकम जम्मा गर्ने समय मागगरेर उपलब्ध गराइएको तर रकम पुरा लिएको र रकम नभएको कारण अदालतमा केस चलेको बताए।

११ औं साधारण सभा तथा चौथो अधिबेशनको सुचना

श्री आजीवन सदस्य तथा साधारण सदस्य महानुभावहरु सिद्धार्थनगर नगरपालिका वडा नं. ८ अन्नपूर्ण टोल स्थित श्री दुर्गा मन्दिरको ११ औं साधारणसभा तथा चौंथो अधिबेशन निम्न मिति, समय र स्थानमा आयोजना गरिएको हुंदा यहाहरुको गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं।

मिति : २०७९ साल असोज २९ गते शनिबार

समय : बिहान ११:३० बजे

स्थानः अन्नपूर्ण टोल स्थित श्री दुर्गा मन्दिरको सभा हल

भूमिकास्थान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नुवाकोट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।

प्रथम पटक सूचना प्रकाशित मिति २०७९।०५।३०

प्रस्तुत विषयमा विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा निर्देशिका, २०७६ बमोजिम यस नगरपालिका अन्तरगत विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम संचालन भएका माध्यमिक तहका विद्यालय मध्ये विद्यालय नर्सको पद रिक्त हुन गएका विद्यालयका लागि सेवा संचालन गर्न तपशिलमा उल्लेखित कर्मचारी सेवा करारमा लिनुपर्ने भएको हुँदा निम्न योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले देहायमा उल्लेखित आवश्यक कागजातहरूको १/१ प्रति प्रतिलिपी संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ।

तपशिल

क. सं.	विज्ञापन नम्बर	पद/तह	आवश्यक संख्या	शैक्षिक योग्यता	कैफियत
१	०३/०७९/०८० स्वास्थ्य	विद्यालय नर्स (सहायक पाँचौं)	२	मान्यता प्राप्त शिक्षण संस्था बाट PCL Nursing कोर्ष उत्तीर्ण वा सो सरह	

१. **आवश्यक कागजातहरूः** नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यता प्रमाण पत्र, नविकरण सहितको काउन्सील दर्ता प्रमाण पत्रको प्रतिलिपी (प्रमाणपत्रका प्रतिलिपीहरू उम्मेदवार स्वयंले प्रमाणित गरि दरखास्तसाथ पेश गर्नु पर्नेछ)
२. **उमेर हदः** दरखास्त बुझाउने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ।
३. **कार्य शर्त र सेवा सुविधाः** नियमानुसार।
४. **दरखास्त दस्तुरः** सेन्चुरी कमर्सियल बैंक, भूमिकास्थान शाखा स्थित यस कार्यालयको खाता नं. ०९०००००००१३ जि. ई. मा रकम जम्मा गरेको प्रमाण पेश गर्नु पर्नेछ।
५. **दरखास्त फारमः** भूमिकास्थान नगरपालिकाको website तथा कार्यालयमा उपलब्ध हुनेछ।
६. **दरखास्त दिने स्थानः** भूमिकास्थान नगरपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँची।
७. **दरखास्त दिने अन्तिम मितिः** २०७९/०६/१३ गते कार्याललय समय भित्र।
८. म्याद नाधी आएको र रित नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने कुरा जानकारी गराईनछ।
९. **थप जानकारीको लागि सम्पर्क नं.:** ९८५७०६९९८१, ९८५७०६९९८२, ९८५७०६५३७५, ९८५७०६३५७६ र ९८५११३७२५० वा कार्यालय समय भित्र गर्न सकिने छ।

भूमिकास्थान नगरपालिका
नुवाकोट, अर्घाखाँची

NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.
एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि.

("नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रियस्तर कार्यक्षेत्र भएको")
कर्पोरेट कार्यालय, बनेपा, फोन नं.: +९७७-०११-६६००३४
प्रकाशित मितिः २०७९/०५/३० (बुटवल टुडे)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यस लघुवित्त वित्तीय संस्थाबाट तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिएको ऋण कर्जाको साँवा, व्याज लगायतका अन्य रकम समेत यस लघुवित्त वित्तीय संस्था सँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित रूपमा तरताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र यस लघुवित्त वित्तीय संस्थामा सम्पर्क राखी लघुवित्त वित्तीय संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानुन तथा यस लघुवित्त वित्तीय संस्थासँग गरेको लिखत बमोजिम धितोमा रहेको वा नरहेको चल-अचल सम्पत्ति लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी लघुवित्त वित्तीय संस्थाको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै उक्त चल-अचल श्रीसम्पत्ती लिलाम बिक्रीबाट समेत लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानुन अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं. १ — शाखा कार्यालय : बहादुरगञ्ज, कपिलवस्तु

ऋणीको विवरण

आसमा खातुन (ऋणी)
स्थायी ठेगानाः बहादुरगंज गा. वि. स. वडा नं. ७, कपिलवस्तु
हालको ठेगानाः कृष्णनगर न. पा. वडा नं. ०८, कपिलवस्तु
पतिः इलियास अहमद मुसलमान
ससुराः नसरुल्ला मुसलमान
पिताः वावुल्ला मुसलमान

जमानीकर्ताको विवरण

१) इलियास अहमद मुसलमान (धितोधनी तथा जमानतकर्ता)
स्थायी ठेगानाः बहादुरगञ्जन.पा.वडा नं.०७,कपिलवस्तु
हालको ठेगानाः कृष्णनगर न. पा. वडा नं. ०८, कपिलवस्तु
पिताः नसरुल्ला मुसलमान
बाजेः दुले मुसलमान

धितोको विवरण

श्री दुले मुसलमानको नाति, श्री नसरुल्ला मुसलमानको छोरा, कपिलवस्तु जिल्ला, बहादुरगंज गा. वि. स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल कृष्णनगर न. पा. वडा नं. ०८, कपिलवस्तु बस्ने इलियास अहमद मुसलमानको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, ईट्रोल गा. वि. स. वडा नं. ०९ स्थित कित्ता नं. ११२२ र ११२३ क्षेत्रफल ५९.२६ र १५२.३९ वर्गमिटर गरी जम्मा २११.६५ वर्गमिटरको जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत।

क्र.सं. २ — शाखा कार्यालय : बहादुरगञ्ज, कपिलवस्तु

ऋणीको विवरण

सफी मोहम्मद मिया (ऋणी)
स्थायी ठेगानाः हरदौना गा. वि. स. वडा नं. ०८, कपिलवस्तु
हालको ठेगानाः महाराजगंज न. पा. वडा नं. १०, कपिलवस्तु
पिताः बलि मोहम्मद मिया
बाजेः सुकरुमिया मुजहनी

जमानीकर्ताहरूको विवरण

२) मोबिन अहमद मिया
स्थायी ठेगानाः हरदौना गा. वि. स. वडा नं. ०८, कपिलवस्तु
हालको ठेगानाः महाराजगंज न. पा. वडा नं. १०, कपिलवस्तु
पिताः बलि मोहम्मद मिया
बाजेः सुकरुमिया मुजहनी

जमानीकर्ताको विवरण

१) बलि मोहम्मद मिया (धितोधनी तथा जमानतकर्ता)
स्थायी ठेगानाः हरदौना गा. वि. स. वडा नं. ०८, कपिलवस्तु
हालको ठेगानाः महाराजगंज न. पा. वडा नं. १०, कपिलवस्तु
पिताः सुकरुमिया मुजहनी
बाजेः कमरुल्लाह मिया

३) अरवुन निसा मियाईन
स्थायी ठेगानाः महाराजगंज न. पा. वडा नं. १०, कपिलवस्तु
हालको ठेगानाः महाराजगंज न. पा. वडा नं. १०, कपिलवस्तु
पतिः बलि मोहम्मद मिया
ससुराः शुकरुमिया मुजहनी
पिताः हद्दीश मिया

धितोको विवरण

श्री कमरुल्लाह मियाको नाति, श्री सुकरुमिया मुजहनीको छोरा, कपिलवस्तु जिल्ला, हरदौना गा. वि. स. वडा नं. ०८ स्थायी ठेगाना भई हाल महाराजगंज न. पा. वडा नं. १०, कपिलवस्तु बस्ने श्री बलि मोहम्मद मियाको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, हरदौना गा. वि. स. वडा नं. ०८ स्थित कित्ता नं. क्रमशः २६,११५ र २० क्षेत्रफल १५२३.८८, १६७६.२७ र १०३२.८५ वर्गमिटर गरी जम्मा ४२३३.०० वर्गमिटरको को जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत।

क्र. सं. ३ — शाखा कार्यालय : वाणगंगा कपिलवस्तु

ऋणीको विवरण

सरिता देवी थारु (ऋणी)
स्थायी ठेगानाः वाणगंगा न. पा. वडा नं. ०६, कपिलवस्तु
हालको ठेगानाः वाणगंगा न. पा. वडा नं. ११, कपिलवस्तु
पतिः सुरज थारु
ससुराः माने थारु
पिताः मुराली थारु

जमानीकर्ताको विवरण

१) माने थारु (धितोधनी तथा जमानतकर्ता)
स्थायी ठेगानाः हथौसा गा. वि. स. वडा नं. ०६, कपिलवस्तु
हालको ठेगानाः वाणगंगा न. पा. वडा नं. ११, कपिलवस्तु
बाबुः कल्लु थारु
बाजेः बैजनाथ थारु

धितोको विवरण

श्री बैजनाथ थारुको नाति, श्री कल्लु थारुको छोरा, कपिलवस्तु जिल्ला, हथौसा गा. वि. स. वडा नं. ०६, स्थायी ठेगाना भई हाल वाणगंगा न. पा. वडा नं. ११, कपिलवस्तु बस्ने माने थारुको नाममा मालपोत कार्यालय तौलिहवा,कपिलवस्तुको लगतमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, हथौसा गा. वि. स. वडा नं. ०६ स्थित कित्ता नं. ६७ क्षेत्रफल १२१.०० वर्गमिटरको जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत।

क्र. सं. ४ — शाखा कार्यालय : बस्खा, नवलपरासी

ऋणीको विवरण

मगंला देवी जर्घा मगर (ऋणी)
स्थायी ठेगानाः कुडिया गा. वि. स. वडा नं. ०८, नवलपरासी
हालको ठेगानाः सुस्ता गा. पा. वडा नं ०२, नवलपरासी
पतिः राम बहादुर जर्घा मगर
पिताः तरक राज मगर
ससुराः भोज बहादुर जर्घा मगर

जमानीकर्ताको विवरण

१) राम बहादुर जर्घा मगर(धितोधनी तथा जमानतकर्ता)
स्थायी ठेगानाः कुडिया गा. वि. स. वडा नं. ०८, नवलपरासी
हालको ठेगानाः सुस्ता गा. पा. वडा नं ०२, नवलपरासी
बाबुः भोज बहादुर जर्घा मगर
बाजेः बलविर जर्घा मगर

धितोको विवरण

श्री बलविर जर्घा मगरको नाती, श्री भोज बहादुर जर्घा मगरको छोरा, नवलपरासी जिल्ला, कुडिया न. पा. वडा नं. ०८, स्थायी ठेगाना भई हाल सुस्ता गा. पा. वडा नं ०२, नवलपरासी बस्ने राम बहादुर जर्घा मगरको नाममा मालपोत कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला कुडिया गा. वि. स. वडा नं ०५ स्थित कित्ता नं. ४२९ क्षेत्रफल ५०७.८७ वर्गमिटरको जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत।

नोट : ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।